**आकाशवाणी समाचार**

**4th of April 2026**

**मुख्य समाचार :-**

1. **राष्ट्रपतिद्वारा इस्टरको शुभकामना, शान्ति र सद्भावको गर्नुभयो आह्वान**
2. **तिरुवल्लामा एनडीएको चुनावी प्रचार अभियानअन्तर्गत प्रधानमन्त्री पुग्नुभयो केरल**
3. **नागरिकहरूलाई आत्तिएर पेट्रोल–डिजेल किन्ने तथा COOKING ग्यासको अनावश्यक बुकिङ नगर्न गैस मंत्रालयको आग्रह**
4. **वर्षभर दैनिक करिब 25 हजार रेलगाडी सञ्चालन भइरहेका रेल मन्त्री Ashwini Vaishnaw को भनाई**
5. **दादरा क्षेत्रमा ग्यास सिलिन्डर गोदाम विस्फोट, 4 जनाको मृत्यु, 4 घाइते**

**राष्ट्रपति मुर्मूद्वारा इस्टरको शुभकामना, शान्ति र सद्भावको गर्नुभयो आह्वान**

राष्ट्रपति Droupadi Murmu ले इस्टर पर्वको पूर्वसन्ध्यामा सम्पूर्ण देशवासीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ, विशेषगरी भारत तथा विदेशमा बसोबास गर्ने इसाई समुदायलाई आफ्नो सन्देशमा राष्ट्रपतिले इस्टरलाई इसाई धर्मको महत्वपूर्ण पर्वको रूपमा उल्लेख गर्दै यसु खिष्टको पुनरुत्थानले सत्य, प्रेम, करुणा, त्याग र क्षमाजस्ता मूल्यहरू अपनाउन प्रेरणा दिने बताउनुभयो। इस्टरलाई इसाई धर्ममा नयाँ जीवन, आशा र पुनर्जन्मको प्रतीकको रूपमा लिइन्छ। यस दिनले असत्यमाथि सत्यको विजय, अन्धकारमाथि प्रकाशको जित तथा निराशामाथि आशाको सन्देश दिन्छ। विश्वभरका इसाईहरूले यस पर्वलाई प्रार्थना, सेवा र उत्सवका साथ मनाउने गर्छन्। उहाँले यस अवसरमा सबैलाई आपसी सद्भाव, शान्ति र भाइचारालाई प्रवर्द्धन गर्ने प्रतिबद्धता दोहोर्याउन तथा उज्ज्वल भविष्य निर्माणका लागि सामूहिक प्रयास गर्न आह्वान गर्नुभयो।

**तिरुवल्लामा एनडीएको चुनावी प्रचार अभियानअन्तर्गत प्रधानमन्त्री पुग्नुभयो केरल**

प्रधानमन्त्री Narendra Modi ले पश्चिम एशियामा बसोबास गर्ने भारतीय नागरिकहरू, विशेषगरी केरलका बासिन्दाहरूको सुरक्षा आफ्नो सरकारको सर्वोच्च प्राथमिकता रहेको बताउनुभएको छ। उहाले आज तिरुवल्लामा एनडीएको चुनावी प्रचार अभियानअन्तर्गत आयोजित जनसभालाई सम्बोधन गर्दै यस्तो बताउनुभएको हो। प्रधानमन्त्री मोदीले खाडी देशहरूसँग भारतको बलियो सम्बन्ध रहेको उल्लेख गर्दै यसले कठिन समयमा त्यहाँ रहेका भारतीयहरूको सुरक्षामा महत्वपूर्ण सहयोग पुऱ्याइरहेको बताउनुभएको छ। उहाले केरल ऐतिहासिक परिवर्तनका लागि तयार रहेको दाबी गर्दै राज्यभरि एनडीएप्रति जनताको विश्वास स्पष्ट रूपमा देखिएको बताउनुभयो।

प्रधानमन्त्रीले एलडीएफ र यूडीएफको आलोचना गर्दै यी दुवै राजनीतिक मोर्चाले लामो समयदेखि राज्यको उपेक्षा गरेको आरोप लगाउनुभयो। उहाले आफ्नो कार्यकालमा केरलले अघिल्लो अवधिको तुलनामा पाँच गुणा बढी आर्थिक सहयोग प्राप्त गरेको पनि बताउनुभयो। तिरुवल्ला पब्लिक स्टेडियममा आयोजित उक्त कार्यक्रममा एनडीएका उम्मेदवार तथा वरिष्ठ नेताहरूको पनि उपस्थिति रहेको थियो।

**नागरिकहरूलाई आत्तिएर पेट्रोल–डिजेल किन्ने तथा COOKING ग्यासको अनावश्यक बुकिङ नगर्न गैस मंत्रालयको आग्रह**

पेट्रोलियम तथा प्राकृतिक गैस मंत्रालयले देशभर पेट्रोल, डिजेल र एलपीजीको पर्याप्त आपूर्ति सुनिश्चित गर्न सरकारले सबै सम्भव प्रयास गरिरहेको जनाएको छ। मन्त्रालयले नागरिकहरूलाई आत्तिएर पेट्रोल–डिजेल किन्ने तथा COOKING ग्यासको अनावश्यक बुकिङ नगर्न आग्रह गरेको छ। मन्त्रालयका अनुसार पेट्रोलियम पदार्थ र एलपीजीको निर्बाध आपूर्ति सुनिश्चित गर्न आवश्यक कदमहरू चालिएका छन्। गत महिनाको 23 तारिखदेखि हालसम्म 5 लाख 70 हजार, पाँच किलोग्रामका सिलिन्डर बिक्री भइसकेका छन्। एलपीजीको अनलाइन बुकिङमा 95 प्रतिशत वृद्धि भएको छ भने हिजो मात्रै करिब 51 लाख घरेलु ग्यास सिलिन्डर वितरण गरिएको छ। मन्त्रालयले पीएनजी, बिजुलीबाट चल्ने इन्डक्सन र कुकटप जस्ता वैकल्पिक ऊर्जाका साधन प्रयोग गर्न पनि प्रोत्साहित गरेको छ। पछिल्लो एक महिनामा करिब साढे तीन लाख पीएनजी जडान थपिएका छन् भने तीन लाख 80 हजारभन्दा बढी नयाँ ग्राहकले दर्ता गरेका छन्। साथै, सबै तेल रिफाइनरीहरू पर्याप्त कच्चा तेल भण्डारणसहित पूर्ण क्षमतामा सञ्चालन भइरहेको मन्त्रालयले जनाएको छ। यसैबीच जलमार्ग मंत्रालयले समुद्री व्यापारको निरन्तरता सुनिश्चित गर्दै जहाज आवागमन, बन्दरगाह सञ्चालन र भारतीय नाविकहरूको सुरक्षामा निरन्तर निगरानी राखिरहेको जनाएको छ।

एलपीजी बोकेको 'ग्रीन सानवी' नामक जहाज 46 हजार 650 मेट्रिक टन एलपीजी र 25  जना नाविकसहित सुरक्षित रूपमा Hormuz Strait पार गरेको छ। पश्चिमी फारस खाडी क्षेत्रमा हाल 17 वटा भारतीय झण्डा भएका जहाजहरू 460 भारतीय नाविकसहित सञ्चालनमा रहेका छन्।

**C. P. Radhakrishnan**

भारतका उपराष्ट्रपति C. P. Radhakrishnan ले विकसित भारत निर्माणका लागि शिक्षालाई एक परिवर्तनकारी साधनको रूपमा उल्लेख गर्नुभएको छ। Mahatma Gandhi Central University मा आयोजित तेस्रो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाले विद्यार्थीहरूलाई देशका सामु रहेका चुनौतीहरूको सामना गर्न आफ्नो ज्ञान प्रयोग गर्न आग्रह गर्नुभयो। उपराष्ट्रपतिले वर्तमान समयलाई "अमृत काल" को रूपमा वर्णन गर्दै युवाहरू नै भारतको भविष्यका निर्माणकर्ता भएको बताउनुभयो। उहाले युवा शक्तिको बलमा भारतले 2047 सम्म विकसित राष्ट्र बन्ने लक्ष्य हासिल गर्न तयार रहेको पनि उल्लेख गर्नुभयो। उहाले विद्यार्थीहरूलाई नवप्रवर्तन र सेवाभावसहित नेतृत्व गर्न प्रेरित गर्दै Mahatma Gandhi का सत्य, अहिंसा र आत्मनिर्भरताका मूल्यमान्यताहरू आत्मसात गर्न आह्वान गर्नुभयो।

**वर्षभर दैनिक करिब 25 हजार रेलगाडी सञ्चालन भइरहेका रेल मन्त्री Ashwini Vaishnawको भनाई**

रेल मन्त्री Ashwini Vaishnaw ले भारतीय रेलले देशभर कनेक्टिभिटीमा व्यापक परिवर्तन ल्याइरहेको बताउनुभएको छ। उहाँका अनुसार वर्षभर दैनिक करिब 25 हजार रेलगाडी सञ्चालन भइरहेका छन्। सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै मन्त्री वैष्णवले गत आर्थिक वर्षमा भारतीय रेलले हासिल गरेको अभूतपूर्व प्रगतिमा जोड दिनुभयो। उहाँले माल ढुवानी तथा यात्रु सेवामा कीर्तिमान प्रदर्शन, Vande Bharat Express सेवाको विस्तार, सुरक्षामा सुधार, साथै स्टेशन र टर्मिनलको पूर्वाधार सुदृढीकरणजस्ता पहलहरू उल्लेख गर्नुभयो।

**Artemis II अभियान: चन्द्रमाको नजिकबाट अन्तरिक्ष यात्रीहरूले पठाए पृथ्वीका अद्भुत तस्बिरहरू**

नासाको Artemis II अभियानमा सहभागी अन्तरिक्ष यात्रीहरूले चन्द्रमाको नजिक पुग्ने क्रममा पृथ्वीका मनमोहक तस्बिरहरू सार्वजनिक गरेका छन्। कमाण्डर Reid Wiseman द्वारा खिचिएको एक तस्बिरमा ओरियन क्याप्सुलको झ्यालबाट देखिएको पृथ्वीको घुमाउरो भाग प्रस्ट देखिन्छ। अर्को तस्बिरमा सेता बादलले ढाकिएका महासागरहरू र हरियो आभा झल्किएको पूर्ण पृथ्वी देख्न सकिन्छ। साथै, अर्को तस्बिरमा पृथ्वीमा दिन र रातबीचको स्पष्ट विभाजन, अर्थात् "टर्मिनेटर", समेत देखिएको छ। गत आइतबार दिउँसोसम्म नासाको अन्तरिक्ष यान पृथ्वीबाट 1 लाख 80  हजार किलोमिटरभन्दा बढी टाढा पुगिसकेको थियो। अब चन्द्रमाको कक्षामा प्रवेश गर्न करिब 2 लाख 40 हजार किलोमिटर दूरी पार गर्नुपर्नेछ, जुन सम्भवतः सोमबारसम्म पूरा हुने अनुमान गरिएको छ। यस अभियानमा अमेरिकाका तीन जना र क्यानाडाका एक जना अन्तरिक्ष यात्री सहभागी छन्। उनीहरूले आफ्नो ओरियन क्याप्सुलमार्फत चन्द्रमाको परिक्रमा गर्ने, यू-टर्न लिने र अवतरण नगरी सिधै पृथ्वीमा फर्किने योजना बनाएका

**दादरा क्षेत्रमा ग्यास सिलिन्डर गोदाम विस्फोट, 4 जनाको मृत्यु, 4 घाइते**

Dadra  Nagar Haveli अन्तर्गत दादरा क्षेत्रमा रहेको एक ग्यास सिलिन्डर गोदाममा आज बिहान भएको भीषण विस्फोटमा चार जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। प्राप्त जानकारी अनुसार नाइट्रोजन र अक्सिजन सिलिन्डर भण्डारण गरिएको एक संयन्त्रमा अचानक विस्फोट भएको हो। घटनापछि आपतकालीन उद्धार टोली तथा वरिष्ठ अधिकारीहरू तुरुन्तै घटनास्थलमा पुगेका थिए।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

6. **राष्ट्रपतिद्वारा इस्टरको शुभकामना, शान्ति र सद्भावको  गर्नुभयो आह्वान**
7. **तिरुवल्लामा एनडीएको चुनावी प्रचार अभियानअन्तर्गत प्रधानमन्त्री पुग्नुभयो केरल**
8. **नागरिकहरूलाई आत्तिएर पेट्रोल–डिजेल किन्ने तथा COOKING ग्यासको अनावश्यक बुकिङ नगर्न गैस मंत्रालयको आग्रह**
9. **वर्षभर दैनिक करिब 25 हजार रेलगाडी सञ्चालन भइरहेका रेल मन्त्री Ashwini Vaishnaw को भनाई**
10. **दादरा क्षेत्रमा ग्यास सिलिन्डर गोदाम विस्फोट, 4 जनाको मृत्यु, 4 घाइते**